# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित


खण्डः ४ संख्याः ३४

माघ २० गते, २०७७


भाग–२

**त्रिपुरासुन्दरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिस्कर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिमको त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## अध्यक्ष रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

स्थानिय सरकारप्रति जनताको अपेक्षा र चाहानाको अभिवृद्धि सँगै जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने तर्फ स्थानिय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ । त्रिपुरासुन्दरी गाउँपालिकाले जनताको जिविकोपार्जनमा स्रोत साधनको अभावले कठिनाइ भोगेकाहरूलाई सहज सरल छिटो छरितो प्रभावकारी ढंगले कार्य गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखी बनाउँदै लगेको छ । स्थानिय सरकार र जनता विचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानिय सरकार प्रति विश्वास अभिवृद्धि गर्न जनताको आशा भरोसाको केन्द्रको रूपमा विकास गर्न जनता र स्थानिय सरकार बीच आपसी समन्वय र सहकार्य बनाई राख्न आवश्यक देखिएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ दफा १०२ बमोजिम गाउँ कार्यपालिकाबाट त्रिपुरासुन्दरी गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनताको समस्यालाई सम्बोधन गर्नका लागि अध्यक्ष रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ तयार पारि लागु गर्न आवश्यकता देखिएकोले यो कार्यविधि बनाई स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :-

(१) यो कार्यविधिको नाम अध्यक्ष रोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ हुनेछ ।

(२) यो कार्यविधि त्रिपुरासुन्दरी गाउँपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि :-

(१) अध्यक्ष भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(२) कार्यक्रम भन्नाले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पूर्वाधारजन्य आयोजना संचालन गर्न अध्यक्ष



रोजगार कार्यक्रमबाट बजेट विनियोजन हुने कार्यक्रमहरू सम्झनुपर्छ ।

(३) कार्यपालिका भन्नाले त्रिपुरासुन्दरी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) उपभोक्ता समिति भन्नाले आयोजना कार्यान्वयन स्थलका आयोजनामा प्रभावित समुदायबाट गठित आयोजना सम्पन्न गर्ने जिम्वेवार समितिलाई सम्झनु पर्छ ।

(५) समुदाय भन्नाले टोल,गाउँ वा वस्तीस्तरमा वसोवास गर्ने व्यक्तिको समुह वा समाजलाई सम्झनु पर्छ ।

(६) अनुगमन समिति भन्नाले अध्यक्ष रोजगार कार्यक्रमको प्रभावकारी संचालन र व्यवस्थापनका लागि गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## रोजगारमूलक आयोजनाको प्रकृति

३. <u>आयोजनाको प्रकृति</u> :-

(१) स्थानियतहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न कामका लागि पारिश्रमिकमा आधारित देहायको प्रकृतिका रोजगार आयोजना संचालन गर्न सक्नेछ :

(क) सार्वजानिक पूर्वाधार निर्माण वा अन्य सार्वजानिक आयोजना:- सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुत्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य क्यास पर कन्सटक्शन सँग सम्बन्धित समुदाय स्तरको आयोजना संचालन ।

(ख) सार्वजानिक पूर्वधार मर्मत सम्भारमा रोजगारमुलक आयोजना :- स्थानिय तह भित्रका सार्वजनिक पूर्वाधारहरूको

मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाइ काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालन ।

(ग) श्रमिकको ज्याला रकममा साझेदारी आयोजना :- सार्वजनिक क्षेत्रवाट कार्यन्वयनमा रहेका आयोजना सूचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला वापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी (लेवर वेज सेयरिङ्ग) गरिने आयोजनाको संचालन।

(घ) अन्य सार्वजनिक क्षेत्रका आयोजना :- सार्वजानिक रोजगारदाताले संचालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाइ संचालन हुने आयोजना ।

## परिच्छेद-३

## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

४. <u>आयोजनाको तर्जुमा :-</u>

**(१) यस गा.पा.ले कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममुलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।**

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रूपमा लाभ दिने,

(ख) उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढि भन्दा बढि जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानिय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने,



(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने,

**(२) सामुदायिक अयोजना छनोट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरि छनोट गर्नु पर्नेछ :-**

(क) सडक निर्माण तथा मर्मत सम्भार

- यस पालिका भित्रका बस्ती स्वास्थ्य चौकी,विद्यालय , आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार ,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार ,

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवंम मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा वितरणको लागि आवश्यक पर्ने भण्डार गृह शीत भण्डार ,हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार,

(ग) ग्रामिण खानेपानी

- खानेपानी आयोजनाको निर्माण,पाइपलाइन विस्तार तथा मर्मत संभार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी, र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार

- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधार निर्माण तथा सो को मर्मत सम्भार

(ङ) **शिक्षा**

- सरकारी विद्यालय भवन , सार्वजानिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय ,खानेपानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) **वन तथा जलधार**

- फलफुलको विरूवाको विरूवा रोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) **पर्यटन**

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकिय क्षत्रमा सेड, विश्राम स्थलको निर्माण तथा मर्मत सम्भार
- उच्च महत्वका प्रसिद्व पर्यटकिय स्थलको मर्मत सम्भार संरक्षण

(३) **श्रममुलक आयोजना छनोट विधि वा प्रकृया :**

(१) आयोजनाको लागि बजेट सुनिश्चितता त्रिपुरासुन्दरी गाउँपालिकाको प्रत्येक आ.व.मा गाउँ सभाबाट अनुमोदन अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट कार्यक्रम संचालन गरिने छ। आयोजनाहरूबाट प्राथमिकता क्रममा रहेका वेराजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना संचालन गर्नु पर्नेछ।



तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई वडाको संख्याका आधारमा दामासाहिले वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यन्वयनका लागी प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन।

(२) समान उद्देश्य प्राप्तिका लागी अन्य सरकारी निकाय वा गैर सरकारी निकाय वा समुदायमा आधारित संस्थाबाट आयोजना संचालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ।

५. **<u>रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण :-</u>**

(१) गा.पा.ले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत फाराम भरेका सूचिकृत वोरोजगार व्यत्तिलाई तिस दिनको रोजगारी उपलब्ध हुने गरी आयोजना कार्यन्वयन गर्नु पर्नेछ।

(२) संचालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यत्तिको सूचिको पहिलो प्राथमिकताक्रममा रहेका व्यत्तिलाई ३० दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि प्राथमिकताक्रमको बेरोजगार व्यत्तिलाई रोजगारीमा खटाउनु पर्नेछ।

(३) गा.पा.ले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत फाराम भरेका सूचिकृत वोरोजगार नभएता पनि पिछडिएका वर्ग, गरिवी र एकल महिलालाई पहिचान गरी रोजगारीमा खटाउन सक्नेछ।

(४) बेरोजगार व्यत्तिको सूचिमा सूचिकृत अपाङ्गता भएको कुनै पनि व्यत्तिका लागि रोजगारीको हक सूनिश्चित गर्न गा.पा.ले देहायको विशेष व्यवस्था गर्न सक्नेछ।

(क) निजको शारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाइ प्राथमिकता दिई खटाउने ।

(ख) निजको व्यवसाय प्रस्ताव (बिजनेस प्रपोजल) सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वःरोजगारमूलक व्यवसायिक तथा सीपमूलक तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागी सम्बधित निकायमा सिफारिस र सहजिकरण गर्ने ।

६. <u>आयोजनामा बजेटको विनियोजन :-</u>

(१) अध्यक्ष रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गर्नु पर्नेछ ।

(२) अध्यक्ष रोजगार कार्यक्रमा ३५ प्रतिशत रकमले सामग्री खरिद गर्न सक्ने छ ।

(३) गा.पा.बाट सामग्री खरिद गर्ने ।

७. <u>आयोजना प्रक्रिया र अधिकतम सीमा :-</u>

(१) यस कार्यक्रम अन्तर्गत कार्यन्वयन हुने आयोजनाहरू स्थानिय तहको वार्षिक कार्यक्रममा समावेश भएको हुनु पर्नेछ ।

(२) अध्यक्ष रोजगार कार्यक्रमको श्रोतबाट मात्र संचालन हुने आयोजनाको प्रति आयोजना लागत सीमा अधिकतम रू पाँच लाख सम्मको हुनेछ ।



## परिच्छेद-४

### आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

८. <u>लागत अनुमान तयार गर्नु पर्ने :-</u>

(१) गा.पा. ले आयोजना कार्यन्वयन गर्दा प्राविधिक लागत अनुमान ड्इङ्ग डिजाइन आदि समेत तयार गरी कार्यन्वयन प्रक्रियामा लैजानु पर्नेछ ।

<u>आयोजना स्थल :-</u>

अध्यक्ष कार्यक्रमको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै संचालन गर्नु पर्नेछ । सो सम्भव नभएको अवस्थामा एक आपसमा सिमा जोडिएको वडामा संचालन गर्न सकिनेछ ।

१०. <u>रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था :-</u>

(१) यस कार्यविधि बमोजिम रू एक लाख भन्दा बढी लागतको आयोजना संचालन गर्न सम्बन्धित गा.पा.ले आयोजनागत रूपमा खटाइएका श्रमिकहरू मध्यबाट एकजना अध्यक्ष,एक जना सचिव र एकजना कोषाध्यक्ष सहित बढीमा सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्न पनेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष , सचिव र कोषाध्यक्ष मध्य कम्तिमा एकजना र अन्य सदस्यहरू मध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ । तर रोजगारमा खटिएका बेरोजगार व्यक्ति मध्ये महिला बेरोजगार नरहेमा समाबेशीको आधारमा उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

(३) रोजगार उपभोक्ता समितिमा रहने व्यक्तिको योग्यता :-

(क) सरकारी नगद तथा जिन्सि मासेको वा सरकारी सम्पति हिनामिना गरेको वा सरकारी पेश्की बेरूजु रहेको नभएको

(ख) कुनैपनि राजनितिक दलको कार्यकारी पदमा नरहेको,

(ग) निजको परिवारको अन्य सदस्य सोहि समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजनामा संचालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना संचालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बधित गा.पा.का वडाहरूमध्ये आयोजना संचालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकहरूमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनोट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरूले समेत अन्य श्रमिकहरू सरह नै काम गर्नु पर्नेछ । उनिहरूले समितिको पदाधिकारी भएकै कारणले काम गरे वापतको ज्याला बाहेक अन्य कुनै पनी सुविधा प्राप्त गर्न छैनन् ।

(७) सम्बन्धित गा.पा. ले आयोजनामा खटिएका श्रमिकहरूलाई रोजगार उपभोक्ता समिति गठनका लागी समितिमा अध्यक्ष र अन्य पदाधिकारीहरूको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समय भित्र सहमती कायम हुन नसकेमा सम्बन्धित गा.पा. ले नै अध्यक्ष र अन्य पदाधिकारी तोकि रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्नु पर्नेछ ।

११. <u>रोजगार उपभोक्ता समितिको काम,कर्तव्य र अधिकार :-</u>

रोजगार उपभोक्ता समितिको काम,कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) गा.पा.सँग आयोजना सम्झौता गरि सो बमोजिम आयोजनाको कार्यन्वयन र व्यवस्थापन गर्ने गराउने

(ख) श्रमिकहरूको हाजिरी अभिलेख राख्ने



(ग) प्रविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक जानकारी दिने र सहजीकरण गर्ने ,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाब गरी गापाबाट सो बराबरको रकम सिधै श्रमिकको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने

१२. <u>श्रमिकहरुको समुह गठन गरी काममा लगाउनु पर्ने :-</u>

रोजगार उपभोक्ता समितिले आयोजना संचालन गर्दा श्रमिक समूह गठन गरी काममा परिचालन गर्नु पर्नेछ ।

१३. <u>बैंक खाता संचालनको सम्बन्धमा :-</u>

(१) श्रमिकको ज्याला वापतको रकम आफ्नै नाममा बैंक खाता खोली बैंक मार्फत भुक्तानी गराइनेछ ।

(२) अध्यक्ष, सचिव र कोषाध्यक्षको सयूक्त दस्ताखतबाट समितिको बैंक खाता संचालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनामा आयोजनामा हुने खर्च बैंक मार्फत गर्नु पर्नेछ ।

१४. <u>निर्देशन तथा समन्वय :-</u>

(१) यस कार्यविधि बमोजिम संचालन हुने आयोजनालाई अनुगमन मूल्याङ्कन समितिले आवश्यकता अनुसार निर्देशन, अनुगमन तथा समन्वय गर्नेछ ।

(२) गा.पा. भित्र संचालन भएका रोजगार आयोजनाको अनुगमन समन्वय र सहजिकरणको जिम्मेवारी सम्बन्धित गाउँ कार्यपालिकाको हुनेछ ।

(३) वडाभित्र संचालन हुने रोजगार आयोजनाको अनुगमन समन्वय र सहजिकरणको जिम्मेवारी सम्बन्धित वडा समितिले गर्नेछ ।

१५. **आयोजनाको अनुगमन मूल्याङ्कन :-**

(१) अध्यक्ष रोजगार कार्यक्रम संचालन र यसको प्रभावकारी अनुगमन र मूल्याङ्कन लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।

(क) संयोजक-गाउँपालिकाको उपाध्यक्ष

(ख) सदस्य -प्रमुख प्रशासकिय अधिकृत

(ग) सदस्य -सामाजिक विकास समितिको संयोजक

(घ) सदस्य -योजना अधिकृत

(ङ) सदस्य -अध्यक्ष रोजगार कार्यक्रम संचालन गर्ने रोजगार संयोजक

(२) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानिय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

१६. **श्रमिकको ज्याला भुक्तानी :-**

(१) गा.पा. तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोत्ता समितिको निर्णय र हाजिरि विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडाको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तनी गर्नु पर्नेछ ।

१७. **प्रतिवेदन :-**

अध्यक्ष रोजगार कार्यक्रम मार्फत प्रदान गरिएका सम्पूर्ण सहयोगको वार्षिक प्रगति प्रतिवेदन गाउँसभा समक्ष प्रस्तुत गर्नु पर्ने छ ।

१८. **कार्यविधि संशोधन :-**

यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गरि स्वीकृत गर्न सकिने छ ।

प्रमाणिकरण मितिः २०७७/१०/२०

आज्ञाले,
चन्द्रदिप बराल
प्रमुख प्रशासकीय अधिकृत